# साईपाल गाउँपालिका

## काँडा बझाङ्ग

# आर्थिक बर्ष २०८१/२०८२ को

# बार्षिक निति तथा कार्यक्रम

साईपाल गाउँपालिका

काँडा बझाङ्ग

सुदुरपश्चिम प्रदेश, नेपाल



CS CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
कोंडा, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल

# साईपाल गाउँपालिका
## आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

साईपाल गाउँपालिकाउपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यहरु,
साईपाल गाउँपालिकाको सातौं गाउँसभाको १५ औं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।
साईपाल गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।
यस साईपाल गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। साईपालको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ। जडिबुटी,पर्यटन पशुपालनर धार्मिक तथा साँस्कृतिक सम्पदायस गाउँपालिकाका सम्भावनाकाक्षेत्र हुन। सडक यातायात, भौतिक पुर्वाधार निर्माण तथा सञ्चारको ब्यवस्थापन गर्नु यस पालिकाका लागि मुख्य चुनौतिको विषय रहेको छ। साईपालमा पाउने जडिबुटिको संरक्षण तथा जडिबुटी पाउने क्षेत्रमा फोहर ब्यबस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दीगो र बैज्ञानिक ब्यवस्थापन हाम्रो प्रस्थानबिन्दु बनेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी साईपाललाई बस्नयोग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, , खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।
आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम साईपालवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

### आर्थिक बर्ष २०८०/०८१ को नीतिको समीक्षाः

१) साईपाल गाउँपालिकामा रहेका आर्थिक रुपमा विपन्न एकल पुरुषहरुलाई आर्थिक सहायता स्वरुप मासिक २ हजार सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ।
२) गाउँपालिका वासीहरुलाई सञ्चार सेवाको सुनिश्चितताका लागि नाङ्गना डाडामा रहेको नेपाल टेलिकमको टावरमा फोर जि सेवा जडान गरि सञ्चालनमा ल्याएको छ।
३) लैंगिक समानतालाई प्रवर्द्धन गर्न छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार बितरण गरिएको छ।



CamScanner

गाउँ कार्यपालिका
काँडा, बझाङ
सुदूरपश्चिम प्रदेश

४) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुमा कक्षा १ देखी ५ सम्म स्थानीय विषयको पाठ्यक्रम तयार गरि पठनपाठन कार्य शुरु भएको छ।

५) सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरी सेवाप्रवाहमा थप प्रभावकारिता ल्याउन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सहकारी मार्फत कोसेली घरको स्थापना गरिएको छ।

६) सडक यातायातको पहुँच नभएको यस गाउँपालिकालाई सडक सञ्जाल सँग जोड्नका लागि जाँडलेक देखि गनै सम्म कच्ची सडक निर्माण कार्य गरिएको छ।

७) यस गाउँपालिकामा रहेका बेरोजगार पुरुषहरुलाई सीपमुलक तालिम दिई आयआर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन २५ जनालाई डकर्मी, पलम्विङ्ग तथा हाउस वायरिङ्ग सम्बन्धी तालिम प्राप्त गरेकालाई उधम संचालनका लागि सामाग्री वितरण गरिएको छ।

८) गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको सुधारका लागि शिक्षा गुरुयोजना निर्माण कार्य सम्पन्न गरिएको छ।

९) स्थानीय वासिन्दाहरुको स्वास्थ्य सेवाको सुनिश्चितताका लागि १० शैय्या आधारभुत अस्पताल निर्माणका लागि बजेट विनियोजन गरि निर्माण कार्य लाई निरन्तरता दिईएको छ।

१०) गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक प्रकृया अगाडी बढाई थरुनी घाटमा गाउँपालिकाको नाममा निशुल्क पास भएको जग्गा प्रशासकिय भवन निर्माण मापदण्ड २०७५ अनुसार अपुग भएकाले साईपाल गाउँपालिका वडा नं ३ सौरैखोलामा निशुल्क जग्गा प्राप्त गरी भवन निर्माण कार्य अगाढी बढाएको छ।

११) साईपालगाउँ क्षेत्रभित्रका बाढी पहिरो तथा अन्य प्राकृतिक प्रकोपले बिग्रेका बाटोको थप क्षती हुन नदिन आवश्यक बजेटको ब्यवस्था गरि मर्मत सम्भार गरिएको छ।

१२) गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक अवस्था कमजोर रहेका विरामीहरुलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहायता प्रदान गरिएको छ।

१३) धार्मीक सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्न गाउँपालिकाभित्र रहेका विभिन्न मठ मन्दिर तथा गुम्वाको निर्माण तथा मर्मत सम्भार गरिएको छ।

१४) धुली नाम्खा गुम्वा र काँडा स्वास्थ्य चौकीको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सोलार सिस्टम जडान गरिएको छ।

१५) धुँवा रहित भान्छा निर्माण गरि स्थानीयको स्वास्थ्यमा सुधार ल्याउन धुँवारहित आधुनिक चुलो खरिद गरि वितरण गरिएको छ।

१६) आधारभुत तह कक्षा ८ को परिक्षालाई प्रभावकारी र मुल्यांङ्कन प्रकृयालाई विश्वसनिय बनाउन पालिका स्तरीय नियमित परिक्षासञ्चालन गरिएको छ।

१७) गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रका लागि आवश्यक औषधी खरिद गरि निशुल्क औषधीको वितरणको ब्यवस्था गरिएको छ।

१८) विभिन्न प्रकोपवाट पिडित भई स्वास्थ्य अवस्था गम्भिर रहेका ब्यक्तीहरुलाई हेलिकप्टरमार्फत उद्धार गरि स्वास्थ्य उपचारको ब्यवस्था गरिएकोछ।

अब म साईपालगाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को नीति र कार्यक्रम यस गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

साईपाल गाउँपालिकाको समग्र विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न देहायकारणनीतिहरु अवलम्बन गरिनेछन् ।

१. साईपालको संस्कृति र सम्पदाको संरक्षण, सम्बर्धन र प्रवर्दन गर्ने।
२. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
३. सांस्कृतिक पर्यटन, नव प्रबर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने।
४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने।

**शिक्षा सम्बन्धी नीति :**

१. साईपाल गाउँपालिकाभित्र रहेका समुदायीक विद्यालयमा अध्ययनरत कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुका लागि थप सहायता कक्षा सञ्चालनको ब्यवस्था गरिनेछ।
२. गरिव तथा असहाय जेहेन्दार विद्यार्थीहरुलाई सहिद वृषबहादुर सिंह बहुप्राविधिक शिक्षालयमा प्राविधिक शिक्षाको पठनपाठनका लागि निरन्तरता दिएको छ।
३. माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्न काँडा माद्यमिक विद्यालयलमा कृषी प्राविधिक शिक्षा पठनपाठनको लागि प्रकृया अगाडी बढाईनेछ।
४. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ।
५. सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड, पिउने पानीको प्रबन्ध गरिनेछ।
६. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ।
७. पालिका भित्र सञ्चालित सामुदायीक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा विद्यालय कर्मचारीहरुको सेवासुविधालाई समयानुकुल समायोजन गरिनेछ।
८. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन बहुपक्षिय अनुगमन टोलि मार्फत विद्यालय अनुगमनको ब्यवस्था गरिनेछ।
९. आधारभुत तह कक्षा ६-८को स्थानीय पाठ्यक्रम तयार गरि लागु गरिनेछ।
१०. पालिका भित्र सञ्चालित सामुदायीक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा विद्यालय कर्मचारीहरुको अभिलेखलाई ब्यवस्थित गर्न विस्तृत विवरण सहितको प्रोफाईल तयार गरिनेछ।
११. सामुदायिक विद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न कोष स्थापना तथा आवश्यक कर्मचारी ब्यवस्थापन गरि गरिनेछ।
१२. आधारभुत तहको मुल्याङ्कन प्रकृयालाई विश्वसनिय र प्रभावकारी बनाउन आगामी शैक्षिक शत्र देखी कक्षा ५ र कक्षा ८ को अन्तिम परिक्षा पालिका स्तरवाट सञ्चालन गरिनेछ।



CamScanner

१३. गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१४. सामुदायीक विद्यालयमा अध्ययनरत छात्र छात्राहरुका लागि पोशाकको व्यवस्था गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीति:**

१५. पालिकाभित्र रहेका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको सेवासुविधालाई समयानुकुल समायोजन गरिनेछ।

१६. स्वास्थ्य विमा कार्यक्रममा समावेश नभएका परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गराउने आवश्यक पहल गरिनेछ।

१७. साईपाल गाउँपालिकामा स्थापित नागरिक आरोग्यता केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी द्वारा नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ।

१८. सार्वजनिक स्थलमा धुम्रपानगर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभाकारी गरिनेछ।

१९. गाउँ क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख ब्यवस्थित गरिनेछ।

२०. एक घर एक फिल्टर सफा स्वच्छ गाउँघर भन्ने नारालाई साकार पार्न यस बर्ष एक घर एक फिल्टर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१. कुपोषण मुक्त र पोषण युक्त वडालाई पुरस्कृत गरिनेछ।

२२. सुत्केरी तथा गर्ववती महिलालाई अन्डा र झण्डा कार्यक्रम लागु गरिनेछ ।

२३. आयुर्वेद उपचार पद्धतिलाई प्रवर्धनगरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

२४. १० शैया आधारभूत अस्पताल भवन निर्माण पश्चात तत्काल सेवा प्रवाहका लागि आवश्यक ब्यवस्था गरिनेछ।

**पूर्वाधार बिकास सम्बन्धी नीति:**

२५. आगामी आर्थिक वर्षभित्रमा गाउँक्षेत्रभित्र रहेका बाटा घाटा, ढल, खानेपानी पाइपलाइन, बिजुली बत्ति, लगायतका सबै भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गरिनेछ ।

२६. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ।भने यस वर्ष १ नं वडा कार्यालयको भवन निर्माण गरिनेछ।

२७. नेपाल सरकार तथा विभिन्न संस्थाहरुको सहकार्यमा साईपालगाउँपालिका क्षेत्रभित्रका बिद्युत, इन्टरनेट लगायतका कार्यलाई निरन्तरता दिइनेछ।

२८. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्बजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्रीबनाइनेछ। निजी क्षेत्रसंगको सहकार्यमा सार्बजनिक शौचालयहरु संचालन तथा ब्यबस्थापन गरी शौचालयको सुविधामा नागरिकको सहज पहुँच वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२९. गाउँ क्षेत्रभित्र रहेका पुराना ताल तलैया पुनर्स्थापन, संरक्षण तथा सम्बर्धन गरिनेछ।

३०. साईपाल गाउँपालिकाको सिमा निर्धारणको लागि आबश्यक पहल गरिनेछ ।



CamScanner

३१. गाउँपालिकाभित्र निर्माण तथा सञ्चालन हुने भौतिक पुर्वाधार लगायतका कार्यका लागि वातावरणिय प्रभाव मुल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयार गरि सञ्चालनमा ल्याईनेछ।

३२. यस बर्ष धलौन तथा काँडामा सोलार् मिनिग्रेड निर्माण गरिनेछ।

३३. गनै देखि धलौन सम्म सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

३४. गाउँपालिकाको भौतिक पुर्वाधार विकास तथा अन्तराष्ट्रिय सम्बन्ध सुदृढ तथा विस्तारका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा छिमेकी राष्ट्र चिन तथा दक्षिण कोरियासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ।

**संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति :**

३५. साईपाल गाउँपालिका भित्र रहेका धार्मिक,सास्कृतिक तथा पर्यटकिय क्षेत्रको पहिचान संरक्षण तथा प्रचार प्रसारका लागि आबश्यक पहल गरिनेछ ।

३६. होम स्टे संचालनका लागि आवश्यक पहल गरिनेछ।

३७. पर्यटकिय गुरुयोजना निर्माणमा जोड दिईनेछ ।

३८. साईपाल हिमालको प्रचार प्रशार गरि पर्यटन भित्र्याउन बिशेष पहल गरिनेछ।

३९. साईपालको स्थानीय भाषाको संरक्षणका लागि धुलेली भाषाको लिपिलाई संरक्षण र सम्बर्धन गरिनेछ।

४०. साईपालमा संचालन हुने बिभिन्न जात्रा, पर्वहरुलाई राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रवर्धन गरिनेछ।

४१. साईपालगाउँ क्षेत्रका मूर्त, अमूर्त सम्पदाको अध्ययन, अनुसन्धान गरिनेछ।

४२. साईपाल गाउँपालिकामा आउने पैदल यात्री तथा पर्यटकहरुका लागि जानकारी लिन पर्यटन सम्बन्धि सुचना बोर्डहरु राख्ने ब्यवस्था मिलाईनेछ।

४३. साईपाल गाउँपालिकाको पर्यटकिय क्षेत्रको अध्ययन अबलोकन तथा जानकारी पाउनका लागि (Truism Map)पर्यटकिय नक्साङ्कन गरि पर्यटन प्रवद्धन गरिनेछ।

४४. पर्यटन प्रवर्द्धन तथा विकासको लागि हेली मार्गको विस्तारका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

**फोहर ब्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति :**

४५. गाउँभित्रको जल,जमिन, बायु र ध्वनी प्रदुषण नियन्त्रण गरी स्वच्छ बातावरण प्रबर्धन गर्न आवश्यक कार्यक्रम वनाई संचालन गरिनेछ।

४६. सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४७. गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत राखिनेछ।

**संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति :**

४८. पालिकाभित्र रहेका धुवारहित चुलो प्राप्त नगरेका घरधुरीहरुलाई धुवारहित चुलो खरिद गरि वितरण गरिनेछ।

४९. साईपालगाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरणप्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।



CamScanner

५०. संविधानको एकल [illegible] अधिकार सूची र बढ्दो सहरी सुब्यवस्था दायित्वलाई मध्यनजर गर्दै साईपालगाउँपालिकाको संगठनलाई सेवामूलक र बैज्ञानिक बनाउन मानब संसाधन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ब्यवस्था मिलाइनेछ।

५१. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ। गाउँपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गरिनेछ ।

५२. गाउँपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको ब्यबस्थापन गरिनेछ।

५३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनLISA (Local Institutional Self Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

५४. आर्थिक बर्ष २०८१/८२को स्वीकृतनीति, बजेट तथा कार्यक्रम अनुरूप वार्षिक कार्योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

५५. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाईसम्मान र पुरस्कारको ब्यवस्था गरिनेछ।

५६. आगामी आर्थिक वर्षभित्रमा साईपाल गाउँपालिकाको आवधिक योजना (२०८२ - २०८६) तर्जुमा गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

५७. गाउँपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा इच्छुक सेवाग्राहीलाई सामान्य कानुनी परामर्श सेवा, निबेदनको मस्यौदा, फोटोकपी सेवाहरु निःशुल्क दिने ब्यवस्था मिलाइनेछ ।

५८. गाउँक्षेत्रभित्र छरिएर रहेका अब्यवस्थित बस्तीलाई नेपाल सरकारको समन्वयमा ब्यबस्थापन गर्न आवश्यक पहल गरिनेछ।

**राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति:**

५९. गाउँपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

६०. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ।

६१. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ।

**कृषि सम्बन्धी नीति:**

६२. स्थानीय समुदायलाई करेसाबारी, तथा ब्यवसायीक फलफुलखेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

६३. साईपालको छिमेकी स्थानीय तहहरुसँग समन्वय गरीअर्गानिक कृषि खेतीको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

६४. स्थानीय स्तरमा उत्पादन हुने आलु, स्याउ तथा गुँरास र सिमिको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

६५. गरिव, दलित तथा न्यूनस्तरका बर्गलाई बाख्रापालनबाट आत्मनिर्भरता बनाउने निति लिईएको छ ।

६६. गुणस्तर खाद्य बस्तु प्रयोगका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।



CamScanner

साईपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कौंडा,बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

६७. भाङ्गो, ओखर, ढटेलो, ताराचुक, सिस्नोको पाउडर, कोदोको पिठो उत्पादन तथा बजारीकरण गर्ने निति लिईएको छ ।साथै स्थानीय कच्चा पदार्थबाट तेल उत्पादनका लागि प्रत्येक वडामा १/१ वटा मसिनको ब्यवस्था गरिनेछ।

६८. साईपाल गाउँपालिकामा उत्पादन हुने घरेलु तथा भिर माहुरीको महलाई संलन गरि निर्यातको ब्यवस्था गरिनेछ।

६९. सार्बजनिक निकायमा संचालन हुने बैठक सभा गोष्ठी जस्ता कार्यहरुमा स्थानीय स्तरमा उत्पादन अन्न बालीको अनिवार्य रुपमा खाजाको प्रयोग गरिनेछ।

**पशु स्वास्थ्य सम्बन्धी नीति :**

७०. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ।

७१. घरपालुवा, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा वन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सामाजिक विकाससँग सम्बन्धी नीति :**

७२. गाउँबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ।महिलाले संचालन गर्ने ब्यवसायका लागि सहकारी गठन,बीउपूँजी र ब्यवस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।

७३. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत संचालन गरिनेछ।

७४. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ। साथै ज्येष्ठ नागरिकहरुलाई तिर्थ यात्राका लागि आवश्यक ब्यवस्था गरिनेछ।

७५. विपन्न, दलित, आदिबासी र अपाङ्गता भएका गाउँबासीहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।

७६. ५० वर्ष देखी ६८ वर्ष उमेर समुहका एकल पुरुषहरुलाई प्रदान गर्दै आएको सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ।

७७. ६८ बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने ब्यबस्था मिलाइनेछ।६८ बर्ष नाघेका ज्येष्ठ नागरिहरुलाई साईपालगाउँपालिकाका वडा कार्यालयहरुसँग समन्वय गरी नेपाल सरकारले तोकेका औषधीहरु निःशुल्क उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ।

७८. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ। वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।ज्येष्ठ नागरिकहरुलाई मानसिक एबम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ।

७९. स्थानीय तहका महिला जनप्रतिनिधिले उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गरेवापत एकजना महिला जनप्रतिनिधिलाई सम्मान प्रदान गरिनेछ ।

८०. स्थानीय समुदायबाट उत्पादन गरिएका सामाग्रीहरु कोसेलीघर मार्फत खरीद बिक्रीको ब्यवस्था मिलाइनेछ।

८१. गाउँ क्षेत्रभित्रका सार्वजनिक तथा सामुदायिक जग्गामा भवन निर्माण गरी वा अन्य तरिकाबाट आय आर्जन गर्ने व्यक्ति,कम्पनी,संघसंस्था वा निकायको आम्दानी गाउँपालिकाको स्थानीय कोषमा जम्मा



CamScanner

गाउँ कार्यपालिका ... कौडा, ... गुरपश्चिम प्रदेश नेपाल

हुने ब्यबस्था मिलाइनेछ । सामाजिक संघसंस्थाको गतिविधि संचालन गर्न आबश्यकता अनुसार अनुदान उपलब्ध गराइनेछ।

**खेलकुद सम्बन्धी नीति:**

८२. गाउँपालिका स्तरिय खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ।

८३. विभिन्न स्थानीय मेला पर्वको अवसरमा आयोजना गरिने खेलकुद प्रतियोगिता लाई निरन्तरता दिईनेछ।

**सीप बिकास तथा उद्यमशीलता प्रबर्धन सम्बन्धी नीति:**

८४. सीप सिक्न इच्छुक गाउँबासीहरुलाई सिप प्रशिक्षण लगायतका कार्यक्रमहरु संचालन गरि सिप सिकाउनका लागि आवश्यक ब्यवस्था गरिनेछ।

८५. गाउँपालिका क्षेत्रमा स्थापना भै संचालनमा रहेका स्थानीय सीप, कला, स्थानीयलाई रोजगारी दिने र वातावरण प्रतिकुल असर नगर्ने प्रकृतीका उद्योगलाइ ब्यवसाय करमा छुट दिने नीति लिइनेछ।

८६. गाउँपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीलाई प्रबिधिमा सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराउनुका साथै आन्तरिक राजश्वक कार्यालयमा दर्ताका लागि पहल गरिनेछ।

**सहकारी सम्बन्धी नीति:**

८७. सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई ब्यवस्थित गरिनेछ।

८८. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

**विपद ब्यवस्थापन सम्बन्धी नीति:**

८९. विपद ब्यवस्थापन कोष सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ। साथै यस कार्यालाई ब्यवस्थापन गर्न आवश्यक कर्मचारीको ब्यवस्था गरिनेछ।

९०. विपद ब्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ।

९१. साईपाल गाउँपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) गरिनेछ।

**सूचना प्रबिधि सम्बन्धी नीति**

९२. साईपालगाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्धन गरिनेछ ।

९३. गाउँपालिका सम्बद्ध सूचना तथा तथ्यांकलाई ब्यबस्थित रुपमा संकलन गरी ब्यवस्थापन गरिनेछ

**बन तथा बाताबरण:**

९४. हरियो बन नेपालको धन भन्ने नारालाई पछ्याउदै उग्र रुपमा रहेको बनजंगल फडानी रोक लगाउने निति लिईनेछ । साथै बन हेरालाको ब्यवस्था गरिनेछ।

९५. प्रत्येक वडाका पहिरो जाने क्षेत्रमा बृक्षारोपण गर्ने निति लिईनेछ ।

९६. सामुदायिक बनको नक्साङ्कन तथा बन संरक्षण तथा सामुदायिक बन नबिकरण तथा क्षेत्र बिस्तार गर्ने निति लिईनेछ।

९७. पर्यावरण,जडिबुटी,बन संरक्षण तथा जडिबुटी खेती प्रवद्धनमा जोड दिईनेछ।



CamScanner

९८.	जलबायू परिवर्तनको प्रभाव न्यूनिकरण गर्न पहल गरिनेछ ।
९९.	बनजंगल संरक्षणका लागि पहल गरिनेछ।
१००.	जलाधार संरक्षण सम्बन्धि अध्ययन अन्वेशषण गरिनेछ ।
१०१.	घाटगंगामा लघुजलविद्युत निर्माणका लागि माइलस्टोन ईनर्जी प्रा ली संग विद्युत उत्पादनको सर्वेक्षणका लागि समन्वय गरिनेछ।

**अन्त्यमा,**

साईपाल गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट साईपाललाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद

**मानविर बोहरा**
गाउँपालिका अध्यक्ष
२०८१असार ०९ गते सोमबार

साईपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काँडा, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner